नेपाल सरकार

## ऊर्जा मन्त्रालय

# सय मेगावाटभन्दा ठूला जलविद्युत आयोजनाहरुको अध्ययन कार्यमा भइरहेको प्रगति तथा समस्यासम्बन्धी प्रस्तुतीको प्रेस विज्ञप्ति

मितिः २०६६।१२।३१

सय मेगावाटभन्दा बढी क्षमताको जलविद्युत आयोजनाहरुका प्रबर्द्धकहरुबाट आयोजनामा भइरहेको प्रगति एवं समस्याका सन्दर्भमा माननीय ऊर्जा मन्त्री डा. प्रकाश शरण महतज्यू एवम् माननीय ऊर्जा राज्यमन्त्री श्री चन्द्रसिंह भट्टराईज्यूको समुपस्थितिमा आज मिति २०६६।१२।३१ मा एक प्रस्तुती गरियो ।

उक्त अवसरमा नेपाल सरकारबाट विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र लिएका ५ (पाँच) प्रबर्द्धकहरुबाट माथिल्लो तमोर (१०० मेगावाट), नामलान (३०३ मेगावाट), चैनपुर सेती (४५४ मेगावाट), अरुण तेस्रो (४०२ मेगावाट) एवं तल्लो अरुण (४०० मेगावाट) जलविद्युत आयोजनाहरुको आयोजनाको अध्ययन कार्यमा हालसम्म भएका प्रगतिहरु, सम्पन्न गर्न बाँकी रहेका कार्यहरु, आयोजना अध्ययनमा आइपरेका समस्याहरु एवं नेपाल सरकारसँग आयोजनाका विभिन्न पक्षहरु (प्रवेश मार्ग, विस्फोटक पदार्थ, आयोजना विकास सम्झौता) मा राखेका अपेक्षाहरु प्रस्तुत गरिएका थिए ।

सो अवसरमा माननीय ऊर्जा मन्त्रीज्यूबाट आयोजना प्रबर्द्धकहरुलाई नेपाल सरकारले आफ्ना सिमितता भित्र रही आयोजनाको विकासमा हरसम्भव सहयोग गर्ने आश्वासन दिनु भयो । साथै तोकिएको समयावधिमा निर्धारित गरिएका कार्यहरु सम्पादन गर्न प्रवर्द्धकहरुलाई अनुरोध गर्दै अनुमतिपत्र लिएर लक्ष्य अनुसारका कार्यहरु सम्पादन नगरी बस्ने प्रबर्द्धकलाई प्रदान गरिएको अनुमतिपत्रको नवीकरण गर्न नसकिने व्यहोरा प्रबर्द्धकहरुलाई जानकारी गराउनु भयो ।

**अनुप कुमार उपाध्याय**
सहसचिव एवम् प्रवक्ता